# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, काभ्रेपलान्चोक, बनेपाका प्रहरी हवल्दार रामहरि मानन्धर र प्रहरी जवान हरिचन्द्र बानियाँ उपर आरोप-पत्र दायर गरिएको।

मेलम्ची देखि काठमाडौंतर्फ बालुवा लिई आउने क्रममा राजमार्गमा पर्ने बनेपा ट्राफिक पोष्ट समेतका कर्मचारीहरूले नदीजन्य पदार्थ ढुवानी गरे वापत विभिन्न कारण देखाई दुःख हैरानी दिई घुस/रिसवत माग गरी रहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले बनेपा ट्राफिक पोष्टमा कार्यरत प्रहरी हवल्दार रामहरी मानन्धर र प्रहरी जवान हरिचन्द्र बानियाँले रू.२००० ।– घुस रिसवत लिएको अवस्थामा रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा निजहरूले एकआपसमा मिलेमतो गरी प्रहरी जवान हरिचन्द्र बानियाँले रू.२,०००।– (दुई हजार) घुस/रिसवत लिई निजको साथबाट विभिन्न कम्पनीको रिचार्जकार्डहरु जम्मा रू.२,९००/- बराबरको तथा प्रहरी हवल्दार रामहरी मानन्धरको साथबाट रू. १,२००/- बराबरको प्रयोग नगरिएको कार्डहरू बरामद भएकोमा निजहरूले सवारीसाधनहरू चेकजाँच गर्ने बहानामा नियमविपरीत विभिन्न सवारी चालकसँग नगदको साटोमा प्रयोग नगरिएका रिचार्जकार्डहरू घुस/रिसवत लिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज प्रहरी हवल्दार रामहरी मानन्धरलाई बिगो रू.३,२००/- (तीन हजार दुई सय) कायम गरी र प्रहरी जवान हरिचन्द्र बानियाँलाई रू.४,९००/- (चार हजार नौ सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन र निजहरूबाट बरामद भएका रिचार्जकार्डहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**